अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८१।०५।०६ गते (ने.स. ११४४ गुंलागा तृतीया) विहिबारका दिन विहानको १०:३० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को तेस्रो बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| भिम बहादुर सेर्पुजा | का.वा. वडाध्यक्ष ( वडा नं ४)- आमन्त्रित सदस्य | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश,नेपाल २०७३

कार्यपालिका बैठक मिति : २०८१।०५।०६ गते

समय : विहान १०:३० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०५।०२ गते

**मिति २०८१।०५।०६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु**

प्रस्ताव नं. १ पूर्व निर्णयहरुको समीक्षा,

प्रस्ताव नं. २ स्थानीय तहको शिक्षा योजना निर्माण समिति गठन सम्बन्धमा,

प्रस्ताव नं. ३ मन्त्रालय/विभाग/निकायहरुबाट प्राप्त परिपत्र सम्बन्धमा,

प्रस्ताव नं. ४ तपसिलका कार्यविधिहरु उपर छलफल सम्बन्धमा

- कृषि एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
- SEE मा ३.६ वा सो भन्दा माथि GPA प्राप्त विद्यार्थीका लागि एकमुष्ट छात्रवृत्ति अनुदान कार्यक्रमको कार्यान्वयन मापदण्ड, २०८१
- प्रसुती स्वंयसेवक शिक्षक व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
- कृषि विकास तथा पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

प्रस्ताव नं ५ विपद व्यवस्थापन सम्बन्धमा

प्रस्ताव नं ६ सार्वजनिक जग्गा भोगाधिकार अनुमति सम्बन्धमा ।

प्रस्ताव नं ७ विविध

- माग निवेदनहरु
- समसामयिक विषयहरु ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

**निर्णय नं १ :**

प्रस्ताव नं १ कार्यपालिकाको पूर्व निर्णयहरु समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भइरहेको पाइयो ।

१. भुरुङ तातोपानी कुण्डमा रहेको तातोपानी प्रवाह हुने GI पाइपलाई थप व्यवस्थित गर्ने, साथै खानेपानी पाइपको व्यवस्था गर्ने ।

२. भुरुङ तातोपानी स्वास्थ्य चौकी, दोवा वडा कार्यालय, रातोपानी कुण्डको जग्गा यकिन गर्न अमिन बोलाउने र उक्त खर्च सेवा/परामर्शबाट खर्च दिने ।

३. पुनहिलमा आय ठेक्का व्यवस्था गर्न दोस्रो पटक सूचना प्रकाशन गरिएकाले उक्त दोस्रो सूचनाको टुङ्गो नलाग्दा सम्मका लागि हालको सञ्चालकलाई नै जिम्मा दिने ।हाल उक्त क्षेत्रमा पर्यटकको आवतजावत हुने समय सुरु भईनसकेकाले पूर्व निर्णय अनुसार प्रति महिना रु १२,०००/- का दरले हुन आउने रकमलाई दैनिक दामासाही रुपमा राजश्व लिने । तेस्रो पटक सूचना प्रकाशन गर्नुपर्ने भएमा पुन निर्णय गर्ने ।

४. मिति २०८१।०४।१५ को कार्यपालिका बैठकमा छलफल भएको शिख माध्यमिक विद्यालयलका प्रधानाध्यापकलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल र पोखरामा परेको उजुरी उपर छानविन गरी तयार भएको प्रतिवेदनमा आज थप छलफल गरियो । यस विषयमा आवश्यक निर्णय गर्नका लागि भोली मिति २०८१।०५।०७ गते विहान ७:०० बजे पुन कार्यपालिका बैठक आह्वान गर्ने ।

**निर्णय नं २ :**

निर्णय नं २ उपर छलफल गर्दा स्थानीय तहको शिक्षा योजना सम्बन्धी मार्गदर्शन, २०७८ ( नेपाल सरकार, शिक्षा तथा मानवश्रोत विकास केन्द्र, सानोठिमीम भक्तपुरबाट जारी) अनुसार तपसिल बमोजिम स्थानीय तहको शिक्षा योजना निर्माण समिति गठन गर्ने ।

| | |
|---|---|
| श्री भारत कुमार पुन, अध्यक्ष | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| श्री ओम प्रसाद फगामी, सामाजिक विकास समिति संयोजक, | - सदस्य |
| श्री मेख बहादुर खड्का, शिक्षक, मुक्ति मार्ग मा.वि. घार | - सदस्य |
| श्री शान्त बहादुर नेपाली, प्र.अ. ज्ञान प्रकाश मा.वि. दाना | - सदस्य |
| श्री मिना शर्मा सुवेदी, शिक्षक, शिख मा.वि., शिख | - सदस्य |
| श्री गणेश बहादुर कुटवाल, शिक्षा अधिकृत | - सदस्य |

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश,नेपाल
२०७३

**निर्णय नं ५**

प्रस्ताव नं ५ उपर छलफल गर्दा विपद व्यवस्थापन सम्बन्धमा तपसिल बमोजिम गर्ने ।

१. अन्नपूर्ण गाउँपालिका वडा नं ५ शिख निवासी तेस बहादुर रन्तिजाको ढुङ्गा माटोले बनेको जस्ता र ढुङ्गाको टायलले छाएको २ कोठे कच्चि घरमा मिति २०८१ श्रावण २७ गते दिनको करिब ३ बजे आगलागि हुदाँ भएको क्षेतीको प्रहरी मुजुल्का र वडाको सिफारिस प्राप्त भएकाले रु २५,०००/- आर्थिक सहायता प्रदान गर्ने ।

२. अन्नपूर्ण गाउँपालिका वडा नं ६ बस्ने गुरुप्रसाद खत्रीले मिति २०८१।०४।२९ मा राहत उपलब्धं गराई पाउँ भनी वडा कार्यालयमा दिएको निवेदन र प्रहरी मुचुल्का अनुसार मिति २०८१।०५।०४ गते विहान करिव २:३० बजे वडा नं २ कटौजेको भिरबाट खसेको पहिरोले वडा नं ६ मा रहेको दाजु भाई पोल्टी फर्ममा रहेको करिव ७०० कुखुरा पूर्ण रुपले नष्ट भएको वडाको सिफारिस प्राप्त भएकाले रु १०,०००/- र ६०० कुखुराको १०० को दरले ६०,०००/- गरी जम्मा रु ७०,०००/- आर्थिक सहायता गर्ने ।

**निर्णय नं ६**

प्रस्ताव नं ६ उपर छलफल गर्दा अन्नपूर्ण आधार शिविर जाने पदमार्ग र आधार शिविरमा पूर्वाधार निर्माणको लागि र फोहोरमैला संकलन केन्द्र निर्माण गर्नको लागि 'सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७' को दफा ३ अनुसार सार्वजनिक जग्गाको उपयोगको निम्ती नेपाल सरकार समक्ष गाउँपालिकाको नाममा भोगाधिकार कायम गरिदिन लागि अनुरोध गर्ने । सो का लागि जग्गा अमिन मार्फत नापजाँच गरी प्रतिवेदन तयार गर्ने ।

**निर्णय नं ७**

प्रस्ताव नं ७ विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

१. गाउँ कार्यपालिका कार्यालयलाई नियमित रुपमा सञ्चालन गर्नको लागि केही कोठाहरु आवश्यक भएकाले कोठा घर भाडामा लिने ।

२. प्रदेश लोकसेवा आयोगबाट सिफारिस भइ आएका कर्मचारीहरुलाई कार्यालयको आवश्यकता अनुसार वडाकार्यालय, स्वास्थ्य चौकीहरुमा पदस्थापना गर्ने ।

३. स्वास्थ्य चौकीहरुमा कार्यरत तपसिलका कर्मचारीहरुले राजिनामा दिंनु भएको कारण उक्त पदहरुमा करार सेवाबाट कर्मचारी भर्ना गर्नको लागि विज्ञापन गर्ने ।

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

तपसिल :

| स्वास्थ्य चौकीको नाम | पद | सङ्ख्या | राजिनामा स्वीकृत भएको कर्मचारी |
|---|---|---|---|
| दोवा स्वास्थ्य चौकी | अनमी | १ जना | जुना गर्बुजा |
| नारच्याङ बर्थिङ सेन्टर | अनमी | १ जना | समीक्षा बरुवाल |
| शिख स्वास्थ्य चौकी | हे.अ. | १ जना | सोना थजाली |

४. हिम कन्सल्ट लि. द्वारा मिति २०८१।०४।०२ गते शेयर सार्वजनिक निष्काशन गर्नु पूर्व कम्पनीद्वारा प्रबन्धित रेले खोला जलविद्युत आयोजनाबाट अति प्रभावित र सामान्य प्रभावित क्षेत्र तथा घरधुरी निर्धारण स्वीकृति माग गरिए उपर छलफल गर्दा तपसिल बमोजिम सिफारिस गर्ने ।

तपसिल :

क) अति प्रभावित क्षेत्र : गण्डकी प्रदेश म्याग्दी जिल्ला अन्नपूर्ण गाउँपालिका वडा नं ४ (साविक नारच्याङ गा.वि.स पुरै)

ख) मध्यम प्रभावित : गण्डकी प्रदेश म्याग्दी जिल्ला अन्नपूर्ण गाउँपालिका वडा नं ३ (साविक दाना गा.वि.स पुरै)

ग) सामान्य प्रभावित : गण्डकी प्रदेश म्याग्दी जिल्ला अन्नपूर्ण गाउँपालिका वडा नं १ दोवा, वडा नं २ भुरुङ तातोपानी, वडा नं ५ शिख, वडा नं ६ घार, वडा नं ७ हिस्तान, वडा नं ८ राम्चे ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष